मिति २०७७।०५।०८ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलाललगायत देहायका महानुभावहरुको उपस्थितिमा जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र (DCCMC) भक्तपुरको ३३ औं बैठक बसि देहाय अनुसार छलफल र निर्णय गरियो।

उपस्थितिः

सल्लाहकार(DCCMC) - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति, भक्तपुर

जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) का पदाधिकारिहरूः

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्नाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय, भक्तपुर
३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, वीरदल गण सूर्यविनायक व्यारेक, भक्तपुर
४. प्रहरी उपरिक्षक श्री तारादेवी थापा, महानगरीय प्रहरी परिसर, भक्तपुर
५. सशस्त्र प्रहरी उपरिक्षक श्री उद्धबबहादुर न्यौपाने, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण, भक्तपुर
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय, भक्तपुर
७. सहायक प्रमुख जिल्ला अधिकारी श्री दुर्गादत्त ढकाल, जिल्ला प्रशासन कार्यालय, भक्तपुर
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल, भक्तपुर
९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय, भक्तपुर – स्थायी आमन्त्रित
१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी, भक्तपुर – स्थायी आमन्त्रित

आमन्त्रितः

१. प्रा.डा. श्री प्रेम ज्ञवाली- शहिद धर्म भक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुर
२. प्र.ना.उ. श्री चक्रराज जोशी- जगाती बृत, म.प्र.प., भक्तपुर
३. प्र.ना.उ. श्री ऋषिराम कडेल- ठिमी बृत, म.प्र.प., भक्तपुर
४. स.प्र.ना.उ. श्री पंकज पौडेल- सशस्त्र प्रहरी बल नेपाल २२ नं गण, भक्तपुर
५. श्री श्रीभक्त काछवा- जिल्ला खेलकुद विकास समिति, भक्तपुर
६. श्री अस्मिता पवन - जिल्ला स्वास्थ्य कार्यालय, भक्तपुर

**छलफलका विषयहरु**

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. क्वारेन्टिन र आइसोलेशन सम्बन्धमा ।

३. विविध ।

**निर्णय**

१. कोभिड-१९ जिल्लागत संरचनाको मिति २०७७।०५।०२ गते बसेको ३२ औं बैठकका निर्णयहरू माथि समीक्षा गर्दा कार्यान्वयनको अवस्था प्रभावकारी रहेको पाइएकोले आगामी दिनहरूमा पनि सोहीअनुरुप निरन्तरता दिने ।

२. मिति २०७७।०४।३० गते बसेको बैठकद्वारा भएको निर्णयानुसार गठन गरिएको जिल्ला आवश्यक स्वास्थ्य प्राविधिक समितिलाई पूर्णता दिने ।

| | |
|---|---|
| संयोजक | प्रा.डा. प्रेम ज्ञवाली, शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुर |
| सदस्य | डा. सुमित्रा गौतम, भक्तपुर अस्पताल |
| सदस्य | कृष्ण बहादुर मिजार, स्वास्थ्य कार्यालय, भक्तपुर |
| सदस्य | डा. ऋषिकेशनारायण श्रेष्ठ, भक्तपुर क्यान्सर अस्पताल |
| सदस्यसचिव | यज्ञराज जोशी, जिल्ला प्रशासन कार्यालय, भक्तपुर |

३. कोभिड-१९ रोकथाम, प्रतिकार्य र नियन्त्रणमा खटिई सेवा प्रवाह गर्नेहरू र संक्रमित उपर गैर कानूनी, अमानवीय तथा अपमानजनक व्यवहार नगर्न साथै भएमा संक्रामक रोग ऐन, २०२० र स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही गरिने व्यहोरा सहित सूचना प्रकाशन गर्ने ।

४. कोभिड-१९ संक्रमण रोकथाम र नियन्त्रणको लागि जिल्ला खेलकुद विकास समिति, नेपाल रेडक्रस, स्काउट र स्थानीय क्लबहरूमा रहेका स्वयंम सेवकहरूको रोष्टर तयार गरी आवश्यक परेको खण्डमा परिचालन गर्न जिल्ला खेलकुद विकास समितिलाई जिम्मेवारी प्रदान गर्ने ।

५. नेपाल रेडक्रस लगायत संघ संस्थाहरूले दाताहरूबाट क्वारेन्टिन र आइसोलेशनमा बस्नेहरूको लागि प्रयोग गरिने आवश्यक सामग्रीहरू निश्चित मापदण्ड बनाई क्वारेन्टीन हेर्ने जनप्रतिनिधि/स्थानीय स्वास्थ्य संयोजकको सिफारिसमा लगत राखि वितरण गर्न सहमति प्रदान गर्ने ।

६. स्वास्थ्य कार्यालय, भक्तपुरले स्थानीय तहमा संचालित एकीकृत क्वारेन्टीनहरूमा सेवा प्रवाह गर्नको लागि स्थानीय तहसँग समन्वय गरी स्वास्थ्य टोली खटाउने ।

७. कोभिड-१९ को संक्रमितहरूको संख्या बढ्दै गईरहेको अबस्थामा बैदेशिक रोजगारबाट नेपाल भित्रिने र नेपालमै रहेका संक्रमितहरू राख्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको मापदण्ड बमोजिम पहिचान भएका देहायका क्वारेन्टिन र आइसोलेशन केन्द्रहरूको व्यवस्थापन गर्ने ।